बैठक मिति : २०७७/१/१७
बैठक संख्या : २५

छलफल तथा निर्णय

१. माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित 'नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/२५ को १८औं बैठकको निर्णयानुसार कोभिड-१९ विश्वव्यापी महामारीका कारण नेपालको समाजिक, आर्थिक तथा अन्य क्षेत्रमा परेको असर/प्रभावको सम्बन्धमा अध्ययन गरी उपयुक्त पुनर्उत्थान योजना तथा आवश्यक लगानी रणनीति तर्जुमा गर्ने विषयको अध्ययन कार्य अघि बढाउने सम्बधमा देहाय अनुसार गर्ने।

(क) राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा, माननीय सदस्यहरु, आयोगका सचिव तथा सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी निर्देशक समिति गठन गर्ने। उक्त निर्देशक समितिको सदस्य-सचिवमा अनुसन्धान तथा तहगत समन्वय कार्यक्षेत्र हेर्ने महाशाखा प्रमुख रहने।

(ख) उल्लिखित अध्ययन कार्यमा आवश्यकता अनुसार विज्ञ सल्लाह लिन राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष, नीति विश्लेषक, स्वतन्त्र विज्ञ, अध्येता एवम् अनुसन्धानकर्ता सम्मिलित सल्लाहकार समिति गठन गर्ने।

(ग) राष्ट्रिय योजना आयोगका सदस्य-सचिवको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने।

(घ) उल्लिखित अध्ययन कार्यका लागि तीन जना विज्ञहरु (अर्थशास्त्र, विकास व्यवस्थापन र सामाजिक विकास क्षेत्रका विज्ञ) सम्मिलित प्रमुख परामर्शदाता समूह गठन गर्ने। उक्त प्रमुख परामर्शदाता समूहमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, पूर्व सदस्यद्वय प्रा. डा. गोविन्द नेपाल र प्रा.डा. गीताभक्त जोशी रहने गरी परामर्श सेवा लिने।

(ङ) क्षेत्रगत विषय हेर्नुहुने माननीय सदस्य र प्रमुख परामर्शदाता समूहको संयोजनमा आवश्यकता अनुसार विषय क्षेत्रगत विज्ञहरु (परामर्शदाता) को प्राविधिक अध्ययन समूह गठन गर्ने।

(ङ) उल्लिखित अध्ययन कार्यको प्रारम्भिक प्रतिवेदन आषाढ १५ अगावै प्राप्त हुने गरी कार्य अघि बढाउने।

(च) परामर्श सेवा प्राप्तिका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि चालु आ.व. २०७६/७७ का लागि राष्ट्रिय योजना आयोगको स्वीकृत वार्षिक विनियोजन भित्रबाटै गर्ने गरी अर्थ मन्त्रालयसँग सहमति माग गर्ने।

(छ) उल्लिखित अध्ययन कार्यको प्रारम्भिक ढाँचाका सम्बन्धमा माननीय सदस्य डा. कृष्णप्रसाद ओलीको संयोजकत्वमा माननीय सदस्य श्री मीन बहादुर शाही र माननीय सदस्य डा. रामकुमार फुयाँलको टोलीले छलफल गरी सुझाव पेश गर्ने ।

२. कोभिड-१९ विश्वव्यापी महामारीका कारण नेपालको सामाजिक, आर्थिक तथा अन्य क्षेत्रमा परेको असर/प्रभावको सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट अध्ययन कार्य शुरु गरिएको हुँदा, द्विपक्षीय र बहुपक्षीय दातृ निकाय एवम् विकास साझेदारहरुबाट पनि यस्तो कार्य भएको वा हुन गइरहेको भए आ-आफूले उपलब्ध गराउन सक्ने विषय विज्ञता सहित यस आयोगमा अनिवार्य रुपमा सम्पर्क र समन्वय गरी गर्नुपर्ने व्यहोराको जानकारी उल्लिखित दुवै प्रकारका दातृ संस्थाहरुलाई गराई दिन अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने ।

३. संयुक्त राष्ट्र संघको उच्चस्तरीय राजनैतिक मञ्च -२०२० (**High Level Political Forum – 2020**) मा नेपालको तर्फबाट प्रस्तुत गर्नुपर्ने दिगो विकास लक्ष्य सम्बन्धी स्वेच्छिक राष्ट्रिय समिक्षा (**Voluntary National Review – VNR**) को मुख्य सार (**Main Message**) परराष्ट्र मन्त्रालय मार्फत संयुक्त राष्ट्र संघमा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने ।